इन्टरनेट बैंकिङ्गले सहज अनलाईन अनुभवलाई निरन्तरता दिदै रिटेल तथा कर्पोरेट ग्राहकहरुलाई विविध बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ। बैंकले आफ्ना ग्राहक महानुभावहरुलाई अधिकतम सुरक्षायुक्त इन्टरनेट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । बैंकले FEBA (Finacle E-Banking Application) मार्फत इन्टरनेट बैंकिङ्ग उपलब्ध गराउँदै आएको छ, जसबाट विश्वको जुनसुकै ठाउँबाट पनि विविध सेवाहरुमा यथासमयमा सातै दिन चौबिसै घण्टा सहज पहुँच प्रदान गर्न सकिने सम्भावना उजागर गरेको छ। हाल ई-स्टेटमेन्ट, रकमान्तर, डेबिट कार्ड रोक्का तथा पिन परिवर्तन लगायतका सेवाहरु सो प्लेटफर्ममा उपलब्ध छन् । त्यसैगरी संस्थागत प्रयोगकर्ताहरुले इन्टरनेट बैकिङ्गको माध्यम मार्फत यस बैंकमा रहेका खाताहरुमा तलब वितरण जस्ता ठूला कारोबार (bulk transaction) गर्नुका साथै भारतमा रकम पठाउन आवेदन पेश गर्न सक्दछन्। साथै, खल्तीसँगको इन्टीग्रेसनका कारण ग्राहकहरुले अब खल्तीमा उपलब्ध सबै सेवाहरु यस बैंकको इन्टरनेट बैकिङ्गको माध्यमबाट उपयोग गर्न सक्छन्। ई-बैंकिङ्ग सेवा उपयोग गरी छिटो र झञ्झट रहित तवरबाट बैंकिङ्ग अनुभव प्राप्त गर्न ग्राहकहरुलाई जागरुक तथा प्रोत्साहित गर्ने उद्देश्यले बैंकले समय समयमा ई-बैंकिङ्ग परिचालन अभियानको आयोजना गर्ने गरेको छ। ई-बैंकिङ्ग सेवा प्रयोगकर्ताहरुको संख्या २०८३ असार मसान्तमा ३८६,९५१ पुगेको छ जुन गत वर्ष ३१०,५४७ रहेको थियो।

सीमापार रकम स्थानान्तरण (नेपाल-भारत)

बैंकले आफ्नो योनो एपमार्फत स्वदेश भित्रिने तथा विदेशिने दुवै प्रकारका सीमापार व्यक्ति-व्यक्ति बीच (P2P) हुने कारोबार सुरु गरेको छ। साथै, भारतको युनिफाइड पेमेन्ट्स इन्टरफेस (UPI) मार्फत गरिने भुक्तानीका लागि नेपाल एसबीआई बैंकका क्यूआर (QR) कोडहरू स्वीकार गर्ने सेवा पनि सुरु गरेको छ।

कनेक्ट आईपिएस (रियल टाइम)

नेपाल एसबिआई बैंकले आफ्ना ग्राहक महानुभावहरुलाई कनेक्ट आईपिएस सेवा उपलब्ध गराउँदै आएको छ। यो सेवा मार्फत बैंकका बचत खातावालाहरुले बैंकमा रहेको आफ्नो निक्षेप खाताबाट यथा समयमा रकम स्थानान्तरण गर्न सक्दछन्।

कर्पोरेट पे (कनेक्ट आईपिएस तथा एनसिएचएल आईपिएस)

नेपाल एसबिआई बैंक लिमिटेडले आफ्ना संस्थागत ग्राहकहरुलाई सहजीकरण गर्नका लागि कर्पोरेट पे सेवा प्रयोगका लागि समेत नेपाल क्लियरिङ्ग हाउस लिमिटेड (एनसिएचएल) सँग आवद्धता स्थापित गरेको छ जसबाट निजहरुलाई कनेक्ट आईपिएस (यथा समयमा राफसाफ गर्ने प्रक्रिया) तथा एनसिएचएल आईपिएस (ब्याचमा राफसाफ गर्ने प्रक्रिया) को उपयोग गरी बैंकमा संचालित खाताबाट रकमान्तर गर्ने सुविधा उपलब्ध भएको छ।

११. सूचना र सञ्चार प्रविधि तथा प्रणालीगत सुरक्षा

डिजिटल उत्कृष्टता नेपाल एसबिआई बैंक लिमिटेडको रणनीतिक एजेन्डाको एक प्रमुख स्तम्भ हो जसले आगामी केही वर्ष बैंकको रुपान्तरणमा अझ महत्वपूर्ण भूमिका खेल्नेछ। नेपाल एसबिआई बैंक लिमिटेडसँग सूचना प्रणालीमा आधारित सेवाहरुसँग सम्बन्धित खतरा तथा जोखिम नियन्त्रण गर्नको लागि विस्तृत सूचना प्रविधि तथा सूचना प्रणाली सुरक्षा संयन्त्र रहेको छ, जसले ग्राहकहरुको गोपनीयता, तथ्यांकको सुरक्षा र विश्वसनीयता लगायत विषयहरु सम्बोधन गर्दछ। बैंकको कोर बैंकिङ्ग प्रणालीको तथ्यांक (प्राथमिक र डिजास्टर रिकोभरी साईट दुवैमा) रहेको तथ्यांक केन्द्र (डाटा सेन्टर) ले सूचना सुरक्षा व्यवस्थापन प्रणालीको अन्तराष्ट्रिय मापदण्डको मान्यता प्राप्त गरेको छ । बैंकले नेटवर्क अनुभव थप गुणस्तरीय बनाउन तथा शाखालाई नेटवर्कबाट अलग्गिने अवस्था न्यूनीकरण गर्न निरन्तर कार्य गरिरहेको छ। बैंकका सम्पूर्ण बैंकिङ्ग एप्लिकेशनहरु उच्च सुरक्षा प्रणालीमा आधारित तथा

बैंकिङ्ग एप्लिकेसनको आवश्यकता बमोजिम अनधिकृत पहुँच नियन्त्रण, तथ्यांकको गोप्यता तथा सुरक्षित माध्यमबाट तथ्यांक प्रशारण हुने जस्ता एप्लिकेसनमै निहित विशेषताहरुयुक्त रहेका छन् । भाईरस बाट हुनसक्ने खतरालाई केन्द्रीकृत एन्टी भाईरस सोलुसनको माध्यमबाट न्यूनीकरण गरिएको छ । बैंकको नेटवर्कमा अनधिकृत प्रवेश हुन नदिन पर्याप्त सुरक्षा घेराहरु (फायरवाल्स) तथा इन्ट्रुजन डिटेक्सन सिस्टमको व्यवस्था गरिएको छ ।

सम्पूर्ण संचालन गतिविधिहरुका निरन्तर रूपमा संचालन भइरहने सुनिश्चित गर्नका लागि उच्च प्रविधियुक्त एवं सुरक्षित विपद पुनःस्थापना योजना म्ष्कबकतभच च्भअयखभचथ एबिल (DRP) लागू रहेको छ । कर्मचारी तथा ग्राहकहरुमा सुरक्षा सचेतना अभिवृद्धि गरी सूचना प्रविधि सुरक्षा सम्बन्धी आवश्यकताहरुको अनुपालना सुनिश्चित गर्न बैंकले विभिन्न पहलहरू गरेको छ । बैंकका सम्पूर्ण शाखाहरु र संचालन इकाइहरुलाई दैनिक कार्य संचालनका सन्दर्भमा आवश्यक पर्ने सूचना प्रविधि नीति सम्बन्धी मार्गदर्शन तथा सूचना सुरक्षा सम्बन्धी आवश्यकताहरू र उत्कृष्ट कार्यपद्धतिहरू समेटिएको विस्तृत पुस्तिका उपलब्ध गराइएको छ । यसबाहेक, कर्मचारीहरूलाई अद्यावधिक राख्न समय समयमा सूचना सुरक्षा सम्बन्धी सिर्जित हुँदै गएका खतराहरू, अभ्यासहरू र प्रणाली सुरक्षा प्रोटोकलहरूबारे क्विजहरू र जानकारीमूलक सन्देशहरू प्रवाह गरिन्छ ।

साथै, नेपालको बुटवलमा बैंकको डिजास्टर रिकोभरी साइट (Disaster Recovery Site) संचालित रहेको छ ।

पिओएस टर्मिनल सेवाहरु

बैंकले विभिन्न रणनीतिक व्यवसायिक स्थानहरुमा आफ्ना ग्राहकवर्गहरुको सुविधाको लागि पिओएस टर्मिनलहरु (POS Terminals) संचालनमा ल्याएको छ । नेपाल एसबिआई बैंक लिमिटेडका कुल पिओएस टर्मिनलको संख्या २०८३ असार मसान्तमा ९५६ पुगेको छ । बैंकको पिओएसमा भिसा र मास्टरकार्डको अतिरिक्त रुपे कार्ड समेत स्वीकार गरिन्छ ।

क्यूआर मर्चेन्ट एक्वायरिङ्ग (QR Merchant Acquiring)

बैंकले आफ्ना ग्राहक महानुभावहरूलाई थप सहजता प्रदान गर्न क्यूआर (QR) कोडमा आधारित मर्चेन्ट एक्वायरिङ्ग सेवा संचालनमा ल्याएको छ । हाल, बैंकले फोनपे (Fonepay) र नेपालपे (NepalPay) मार्फत क्यूआर भुक्तानी स्वीकार गर्ने सुविधा प्रदान गर्दै आएको छ । क्यूआर कोडमा आधारित भुक्तानीको बढ्दो महत्वलाई मध्यनजर गर्दै, बैंकले आफ्नो मर्चेन्ट सञ्जाल विस्तार गर्न र डिजिटल भुक्तानीको प्रयोगलाई प्रोत्साहन गर्न विशेष ध्यान दिएको छ । परिणामस्वरूप, नेपाल एसबिआई बैंक लिमिटेडको क्यूआर भुक्तानी सेवामार्फत आबद्ध भएका मर्चेन्टहरूको कुल संख्या असार मसान्त २०८२ मा २६,९६९ रहेकोमा वृद्धि भई आषाढ मसान्त २०८३ सम्ममा ३५,८२७ पुगेको छ । बैंकले क्यूआर भुक्तानीका लागि तत्काल अडियो मार्फत भुक्तानी सूचना दिने समाधान 'कोइली' समेच सुरुवात गरेको छ ।

शाखारहित बैंकिङ्ग आउटलेट

वैकल्पिक सेवा प्रवाहको माध्यमको रुपमा ग्राहक महानुभावहरुलाई बैंकिङ्ग सुविधा उपलब्ध गराउन बैंकले २०८३ असार मसान्तसम्म २१ स्थानमा शाखारहित बैंकिङ्ग सेवा संचालनमा ल्याएको छ। २०८३ असार मसान्तमा शाखारहित बैंकिङ्ग मार्फत सेवा लिने ग्राहकको संख्या ४,०५३ पुगेको छ।

१२. ग्राहक सुविधा

ग्राहक सुविधा ग्राहकहरुको समय र परिश्रम बचत गर्ने एक तत्वको रुपमा रहको हुन्छ । बैंकले आफ्ना प्रोडकट तथा सेवाहरु उपलब्ध गराउँदा ग्राहकको सुविधा/सहजता सुनिश्चित गर्न जरुरी छ भन्ने कुरा मनन गरेको छ । ग्राहकहरू पहिलेभन्दा शीघ्र, सही र प्रभावकारी रूपमा आफ्नो कारोबारहरु गर्न चाहन्छन् । ग्राहकहरूलाई उच्च प्राथमिकतामा राखी बैंकले सरल प्रक्रिया तथा नवीनतम वितरण माध्यम अवलम्बन गरी उत्कृष्ट सेवा प्रदान गर्दै आएको छ। ग्राहकहरूको आवश्यकता अनुरूप सुविधायुक्त विस्तारित सेवा प्रदान गर्ने, कोर बैंकिङ्ग प्रविधिको भरपुर उपयोग गर्ने तथा प्रमुख व्यावसायिक प्रक्रियाहरुको पुनरसंरचना गर्ने लगायतका कार्यहरुबाट बैंकलाई अन्तर्राष्ट्रिय स्तरको सेवा सुविधाका साथमा आफ्ना ग्राहकहरूको मन जित्न सघाउ पुगेको छ । बैंकका ग्राहकहरुलाई झन्झटमुक्त सेवा प्रदान गर्नको लागि बैंकले एटीएम, एसएमएस/मोबाइल बैंकिङ्ग/योनो नेपाल एसबिआई, ईन्टरनेट बैकिङ्ग र शाखारहित बैंकिङ्ग जस्ता प्रविधिमा आधारित सेवाहरु संचालनमा ल्याएको छ। बैंक ग्राहक-केन्द्रित डिजिटल सोलुशनहरू प्रदान गर्दै लक्षित युवा ग्राहकहरूलाई सेवा प्रदान गर्न सक्षम भएको छ, जसले समग्ररुपमा बैंकको उपस्थिति बढाएको छ। सुविधा, पहुँच र सुरक्षामा केन्द्रित प्रविधिहरूका कारणले समीक्षा वर्षको परिस्थितिमा समेत बैंकलाई उत्कृष्ट सेवा प्रवाह गर्न सक्षम बनाउने अवसरहरु सिर्जना भयो जसबाट बैंकका ग्राहकहरुको अनुभव थप राम्रो बनाउने कार्यमा उल्लेख्य प्रगति हासिल भयो । ग्राहकको सुविधा र सन्तुष्टी बढाउनको लागि बैंकले ईन्टरनेट बैकिङ्ग मार्फत डेबिट कार्ड रोक्का तथा पिन परिवर्तन गर्ने र एटिम मेसिनबाट बिना कार्ड नगद झिक्न योनो नेपाल एसबिआईमा योनो क्यास (YONO Cash) सुविधा ल्याएको छ ।

बैंकले सेवाको गुणस्तर र कर्मचारीहरूको व्यवहारलगायत ग्राहकका अनुभवहरूबारे रियल-टाइम प्रतिक्रिया प्राप्त गर्न, क्यूआर कोडमा आधारित केन्द्रिकृत ग्राहक प्रतिक्रिया प्रणाली संचालनमा ल्याएको छ ।

साथै, बैंकले ग्राहकहरुको जिज्ञासालाई सम्बोधन गर्न र जानकारी दिन छुट्टै चौबीसै घण्टा सातै दिन सञ्चालन हुने कल सेन्टर स्थापना गरेको छ । बैंकले सन्देश प्रवाह गर्न र बैंकका सेवाहरुको विज्ञापन गर्न फेसबुक, इन्स्टाग्राम, लिङ्कडइन जस्ता सामाजिक सञ्जालहरु तथा रेडियो जिंगलसमेत प्रयोग गर्दै आएको छ । यसका साथै, बैंकले विशेष क्षमता भएका ग्राहकहरुलाई सहज बनाउन पहुँचयोग्य शाखाहरू, एटीएम मेसिनहरू तथा कार्डहरूको व्यवस्था गरी सेवा पहुँचमा सुधार ल्याउन आवश्यक कदमहरू पनि चालिरहेको छ ।

१३. संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यहरू

नेपाल एसबिआई बैंक लिमिटेड यो विश्वास गर्दछ कि बैंकको सफलता सेवा गर्ने समाजसँग जोडिएको हुन्छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह गरी समाज, सरोकारवालाहरूसँगको सम्बन्धलाई बलियो बनाउन प्रयास गर्दै सबैका लागि सामाजिक हितमा योगदान गर्दछ। नेपाल एसबिआई बैंक लिमिटेडले शिक्षा, स्वास्थ्य सेवा, दिगो वातावरण, सामुदायिक विकास लगायतका क्षेत्रमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम संस्थागत सामाजिक उत्तरदायित्वहरु वहन गर्दै आएको छ।

नियामकीय प्रावधान बमोजिम बैंकले नेपालका सबै प्रदेशमा संचालन हुने संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रमका लागि अघिल्लो वर्षको आफ्नो खुद मुनाफाको न्यूनतम १ प्रतिशत रकम छुट्याएको छ । नेपाल एसबिआई बैंक लिमिटेडले प्रत्यक्ष वा अन्य संस्थाहरुसंगको सहकार्यमा विभिन्न व्यक्तिहरु, समूहहरु वा संस्थाहरुलाई स्वास्थ्य, प्राकृतिक प्रकोपहरु, शिक्षा, खेलकुद, संस्कृति, राष्ट्रिय सम्पदाको संरक्षण आदि लगायतका सामाजिक जीवनका बृहत क्षेत्रहरुमा सहयोग गर्दै आएको छ। आर्थिक वर्ष २०८२/८३ मा बैंकले विभिन्न संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरुमा रु. १,८३,६२,६८४.७३ खर्च गरेको छ। संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरुसँग सम्वन्धित विवरण वार्षिक प्रतिवेदनमा छुट्टै प्रस्तुत गरिएको छ।

१४. वातावरणीय, सामाजिक र सुशासन अभ्यासप्रति बैंकको प्रतिबद्धता

नेपाल एसबिआई बैंक लिमिटेडले प्राकृतिक वातावरणको संरक्षणलाई सधैं प्राथमिकतामा राखेको छ। बैंक सकारात्मक परिवर्तनको वाहक हुन प्रतिबद्ध छ र आफ्नो व्यवसायको दिगो वृद्धि नै सबै सरोकारवालाहरूको दीर्घकालीन मूल्य सिर्जना गर्ने आधार हो भन्ने कुरा महसुस गर्दछ। नेपाल एसबिआई बैंक लिमिटेड बैंकको सामाजिक र वातावरणीय प्रभावलाई समेत ध्यानमा राख्दै सरोकारवालाहरूका लागि लाभदायी साबित हुने गरी उत्तरदायी ढंगबाट प्रोडक्ट तथा सेवाहरू प्रवाह गर्नमा केन्द्रित छ।

नेपाल एसबिआई बैंक लिमिटेडले प्राकृतिक पुँजी व्यवस्थापनलाई सुदृढ र औपचारिक बनाउन वातावरणीय, सामाजिक तथा सुशासन नीति (Envirnomental, Social & Governance Policy) तर्जुमा गरेको छ। यस नीतिको प्राथमिक उद्देश्य दिगो कार्यक्रमहरु निर्माण एवं यसको कार्यान्वयनको लागि बैंक केन्द्रित हुने वातावरणीय र सामाजिक क्षेत्रहरू पहिचान गर्नु हो । वातावरणीय पक्ष, सामाजिक र सुशासनका पक्षहरू, कर्मचारी र रोजगारी अभ्यासहरू यस नीतिका अवधारणा र प्राथमिकताका क्षेत्रहरू हुन्।

बैंकले वातावरणीय प्रकोपको राहतका लागि रकमको योगदान, वृक्षारोपण कार्यक्रम, वित्तीय साक्षरता कार्यक्रम जस्ता विविध संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु मार्फत नेपालभर नियमित रुपमा समाजप्रति योगदान गर्दै आएको छ। बैंकको वातावरणीय, सामाजिक र सुशासन अभ्यास प्रतिको प्रतिबद्धता सम्बन्धी विस्तृत विवरण वार्षिक प्रतिवेदनमा छुट्टै प्रस्तुत गरिएको छ।

१५. बैंकको औद्योगिक र व्यवसायिक सम्बन्ध

आर्थिक वर्ष २०८२/८३ मा बैंकको औद्योगिक सम्बन्ध सुमधुर रह्यो। बैंकले औद्योगिक सम्बन्ध तथा चुनौतीहरूको प्रभावकारी व्यवस्थापन र समाधान सुनिश्चित गर्दै संरचित पद्धती मार्फत औद्योगिक समस्याहरूलाई सम्बोधन र समाधान गर्न प्रतिबद्ध छ।

बैंकले आफना शेयरधनी, ग्राहक, कर्मचारी, नियामक निकाय तथा सम्बद्ध सरोकारवालासँग राम्रो र सुमधुर व्यवसायिक सम्बन्ध कायम गरेको छ। बैंक विभिन्न औद्योगिक र व्यवसायिक संस्थाहरुको सदस्य रहेको छ, जसले व्यवसायिक अवसरहरुको खोजी तथा बैंकिङ्ग उद्योग र समुदायको सर्वोपरि हितमा टेवा पुगेको छ। यस बैंकले नेपाल बैंकर्स संघ, बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल, नेपाल व्यवस्थान संघ, नेपाल भारत चेम्बर अफ कमर्स एण्ड ईन्डष्ट्रिज, नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, विदेशी मुद्रा डिलर संघ, नेपाल बैंकिङ्ग ईन्स्टिच्यूट, कर्जा सूचना केन्द्र लिमिटेड, निक्षेप तथा कर्जा सुरक्षण कोष, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड आदिको सदस्यता लिएको छ र सो संस्थाहरुमा सक्रिय रहेको छ।

१६. बैंकको सहायक कम्पनी : नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि.

यस बैंकले आफ्ना ग्राहकवर्गलाई मर्चेण्ट बैंकिङ्ग र पुँजी बजारसँग सम्बन्धित सेवाहरु प्रदान गर्ने उद्देश्यले आफ्नो पूर्ण स्वामित्वमा सहायक कम्पनीको रुपमा नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड स्थापना गरेको छ। नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडले पोर्टफोलियो व्यवस्थापन, शेयर रजिष्ट्रार, वित्तीय सल्लाह, निष्काशन तथा बिक्री व्यवस्थापन तथा धितोपत्र अण्डरराइटिङ्ग जस्ता विभिन्न सेवा तथा सुविधाहरु उपलब्ध गराउँदै आएको छ । सहायक कम्पनीको कार्य प्रगति विवरण वार्षिक प्रतिवेदनमा छुट्टै प्रस्तुत गरिएको छ।

१७. संचालक समिति

बैंकमा ६ सदस्यीय संचालक समिति रहेको छ जसमा ३ जना संस्थापक शेयरधनी भारतीय स्टेट बैंक र १ जना संस्थापक शेयरधनी कर्मचारी संचय कोषको तर्फबाट, १ जना सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व रहेको छ भने १ जना स्वतन्त्र संचालक रहेका छन्।

ई.सं. १२ अगस्ट २०२६ मा, भारतीय स्टेट बैंकको प्रतिनिधित्व गर्ने संचालकको रुपमा श्री वेंकट वंशीधर कुंचाको सट्टामा श्री मुनीष कुमार चान्दनालाई बैंकको संचालक समितिमा नियुक्त गरिएको थियो र सोही मितिमा श्री चान्दनालाई संचालक समितिले अध्यक्षको पदमा चयन गरेको थियो। यसअघि, ई.सं. ३१ अक्टोबर २०२५ मा अध्यक्ष श्री जयती बन्सलको स्थानमा श्री वेंकट वंशीधर कुंचालाई संचालक समितिमा नियुक्त गरिएको थियो।

ई.सं. २ जनवरी २०२६ मा सम्पन्न बैंकको ३२औँ वार्षिक साधारण सभाबाट सर्वसाधारण सेयरधनीहरूको प्रतिनिधित्व गर्ने संचालक श्री अप्सरा उप्रेती लगातार दोस्रो कार्यकालका लागि संचालक समितिको सदस्यमा निर्वाचित हुनुभएको थियो।

कर्मचारी सञ्चय कोषको प्रतिनिधित्व गर्ने संचालक श्री भरत राज वस्तीको स्थानमा श्री ध्रुव प्रसाद अधिकारीलाई ई.सं. ३ सेप्टेम्बर २०२६ मा बैंकको संचालक समितिमा नियुक्त गरिएको थियो।

संचालक समितिद्वारा स्वतन्त्र संचालकका रूपमा नियुक्त श्री सुबोध प्रसाद गौतम ई.सं. ३ सेप्टेम्बर २०२६ मा संचालक समितिमा नियुक्त हुनुभयो। यसअघि, स्वतन्त्र संचालक डा. गोपाल प्रसाद भट्टले ई.सं. १२ अप्रिल २०२६ मा स्वतन्त्र संचालकका रूपमा आफ्नो चार वर्षे कार्यकाल पूरा गर्नुभएको थियो। त्यसपश्चात्, संचालक समितिद्वारा श्री छपिराज पन्तलाई ई.सं. ३० अप्रिल २०२६ मा स्वतन्त्र संचालकका रूपमा नियुक्त गरेको थियो र उहाँले ई.सं. ५ अगस्ट २०२६ देखि लागू हुने गरी संचालक समितिको स्वतन्त्र संचालक पदबाट राजीनामा दिनुभएको थियो।

अध्यक्षका रूपमा श्री जयती बन्सल तथा श्री वेंकट वंशीधर कुंचा र संचालकका रूपमा डा. गोपाल प्रसाद भट्ट, श्री छपिराज पन्त तथा श्री भरत राज वस्तीले आफ्नो कार्यकालमा यस बैंकलाई पुऱ्याउनु भएको योगदानका लागि संचालक समितिको तर्फबाट हार्दिक आभार प्रकट गर्दछौं।

थप जानकारी र खुलासा

कम्पनी ऐन, २०६३ को दफा १०९(४) र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६(२) को व्यवस्था बमोजिम प्रतिवेदनमा संलग्न गर्नुपर्ने जानकारी तथा प्रतिवेदन यस प्रतिवेदनको अनुसूचिको रुपमा राखिएका छन्। यसैगरी बैंकको संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु, संस्थागत सुशासन, जोखिम व्यवस्थापन तथा शेयरधनीहरुको लागि उपयोगी अन्य जानकारीहरु वार्षिक प्रतिवेदनका सम्बन्धित शीर्षकहरुमा उपलब्ध छन्। नेपाल राष्ट्र बैंक तथा नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थाले तोके बमोजिमको ढाँचामा तयार गरिएको वासलात, नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन लगायत सो सँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण तथा लेखा सम्बन्धी टिप्पणीहरु समेत वार्षिक प्रतिवेदनमा उपलब्ध छन्।

१८.बैंकको व्यवसायमा प्रभाव पार्ने हालका घटनाक्रम तथा तत्वहरू

हालका घटनाक्रम

आर्थिक वर्ष २०८३/८४ को मौद्रिक नीतिले कर्जा प्रवाहलाई उत्पादन क्षेत्रमा निर्देशित गरी मुद्रास्फीतिलाई ५.५ प्रतिशतमा सीमित गर्ने तथा ७ प्रतिशतको आर्थिक वृद्धि हाँसिल गर्ने लक्ष्य राखेको छ। केन्द्रीय बैंकले निजी क्षेत्रमा प्रवाह हुने कर्जा ११ प्रतिशतले वृद्धि हुने लक्ष्य राखेको छ। नेपाल राष्ट्र बैंकले देहाय बमोजिमका प्रमुख नीति तथा संशोधित निर्देशन जारी गरेको छ :

- ब्याजदर करिडोरको माथिल्लो सीमाको बैंकदर, नीतिगत दर र तल्लो सीमाका बैंकदर (निक्षेप संकलन दर) क्रमशः ५.७५ प्रतिशत, ४.२५ प्रतिशत र २.७५ प्रतिशत यथावत राखिएको छ।
- अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातसम्बन्धी विद्यमान व्यवस्थालाई निरन्तरता दिई क्रमशः ४ प्रतिशत र १२ प्रतिशत कायम गरिएको छ।
- तोकिएका क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जा सम्बन्धी निर्देशिकाहरूलाई खुकुलो पारिएको र थप क्षेत्रहरू समावेश गरी संशोधन गरिएको छ।
- नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूद्वारा विदेशी सरकारका धितोपत्रहरूमा गरिने लगानीलाई प्रोत्साहन गर्ने लक्ष्य राखेको छ; साथै, विदेशी मुद्रा खरिद गर्दा निर्जीवीकृत हस्तक्षेप संचालन गर्न आवश्यक नीतिगत व्यवस्था गरिने अपेक्षा गरिएको छ।
- आधार दर (Base Rate) गणना सम्बन्धी निर्देशिकामा आधार दरमा गणना गर्दा प्रशासनिक खर्चको भार ८५ प्रतिशत बाट बढाएर ९० प्रतिशत पुऱ्याउने गरी संशोधन गरिएको छ।
- बैंक तथा वित्तीय संस्थाहरूले सूचीकृत सेयर तथा ऋणपत्रमा गरेको लगानीको न्यूनतम धारण अवधि ६ महिनाबाट घटाएर ४५ दिन कायम गरिएको छ।
- चालुपुँजी कर्जा मार्गदर्शनमा उल्लेखित Variance Analysis गरी कर्जा समायोजन गर्नुपर्ने व्यवस्थालाई २०८४ साउन १ गतेबाट लागु हुने गरी समयावधि थप गरिएको छ।

बैंकको व्यवसायलाई असर गर्ने कारक तत्वहरु

बैंकको व्यवसायलाई असर गर्ने प्रमुख कारक तत्वहरु :

- हालै आएको बाढी तथा पहिरोले ऋणीहरूमा पारेको प्रभावका कारण समयमै सुधारात्मक उपायहरू अपनाउन नसकेमा समस्याग्रस्त सम्पत्तिमा वृद्धि हुन सक्ने जोखिम रहेको छ।
- आर्थिक गतिविधिमा समानुपातिक वृद्धि नभई इन्धनको मूल्य बढेका कारण मुद्रास्फीतिको उत्पन्न मुद्रास्फीतिको दबाब।
- लगानीयोग्य कर्जाको उपयुक्त अवसरहरूको उपलब्धता भन्दा निक्षेप वृद्धि तीव्र गतिमा बढ्नु।
- तुलनात्मक रूपमा सानो अर्थतन्त्रभित्र वित्तीय संस्थाहरूका बीच उच्च प्रतिस्पर्धा।
- साखयोग्य ऋणीहरू प्राप्त गर्न र कर्जाको गुणस्तर उच्च कायम राख्न चुनौतीहरू रहनु।
- सूचना प्रविधिसँग सम्बन्धित जोखिमहरु, साइबर सुरक्षा सम्बन्धी खतराहरु, प्रणालीमा अवरोध तथा तथ्याङ्कको सुरक्षासम्बन्धी जोखिमहरु हुनु।
- सेवाको गुणस्तर र कार्य सञ्चालनको दक्षता कायम राख्दै संचालन खर्चलाई निरन्तर नियन्त्रण गर्नुपर्ने आवश्यकता।
- दक्ष तथा अनुभवी जनशक्तिलाई आकर्षित गर्ने, विकास गर्ने र निरन्तर सेवामा कायम राख्ने चुनौतीहरू।

१९. चालु आर्थिक वर्ष २०८३/८४ का लागि रणनीतिहरू

हालको आर्थिक अवस्था र भविष्यका अपेक्षाहरूलाई मध्यनजर गर्दै बैंकले चालु आर्थिक वर्ष २०८३/८४ मा दिगो वृद्धि हासिल गर्न ध्यान केन्द्रित गरेको छ। सोका लागि देहायका मुख्य रणनीति/कार्यक्रम रहेका छन्:

- सेवा प्रवाहमा सुधार तथा लागत न्यूनीकरणका लागि डिजिटल रूपान्तरण रणनीति।
- शाखा, एक्सटेन्सन काउन्टर र शाखारहित आउटलेटहरु खोली भौगोलिक पहुँच विस्तार गर्ने।
- कार्य सञ्चालनको दक्षता बढाउन, बैंकिङ प्रक्रियालाई व्यवस्थित बनाउन, सेवा प्रवाहमा लाग्ने समय घटाउन तथा बैंकिङ सेवाको प्रभावकारिता र गुणस्तरमा सुधार गर्न डिजिटल पहल, सञ्चालन प्रक्रिया पुनर्संरचना तथा प्रक्रियाको स्वचालनमा जोड दिने।
- योनो नेपाल एसबीआईलाई एकल बिन्दु बैंकिङ्गका लागि प्रभावकारी बनाउने।
- व्यवसाय विस्तार र विशेषगरी गैर-ब्याज आम्दानीका अवसरहरूका लागि रणनीतिक साझेदारी निर्माण गर्ने।
- सीमापार विप्रेषण र व्यापार व्यवसायका लागि विदेशी बैंकहरूसँग सहकार्य गर्ने।
- वस्तु तथा सेवाहरूको मार्केटिङ र ब्रान्डिङ गर्ने।
- विभिन्न पहलहरूमार्फत बैंकको संचालनमा दक्षता अभिवृद्धि गर्ने।
- मानव संसाधनको विकास गर्ने।

बैंकिङ्ग पहुँच कम भएका तथा पहुँच नै नभएका क्षेत्रहरुमा डिजिटल बैंकिङ्गको माध्यमबाट बैंकिङ्ग सुविधा प्रदान गर्नमा समेत बैंकको जोड रही आएको छ।

२०. चालु आर्थिक वर्षको प्रगति

अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आर्थिक वर्षको प्रगति तथा उपलब्धिहरु निम्न बमोजिम रहेका छन्।

विवरण	२०८२ भदौ मसान्त (रु. करोडमा)	२०८३ भदौ मसान्त (रु. करोडमा)	वृद्धि वा (घटि)	
			रकम (रु. करोडमा)	प्रतिशत
कर्जा तथा सापटी	१४,४७८.००	१५,५६८.४७	१,०९०.४७	७.५३
निक्षेप	२०,२७९.११	२२,९१०.९२	२,६३१.८१	१२.९८
खुद नाफा	३५.४६	४१.६०	६.१४	१७.३२

२१. आभार

यस बैंकको संचालक समितिको तर्फबाट नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र अन्य नियामक निकायहरुले हाम्रा रणनीतिक प्राथमिकताहरु कार्यान्वयन गर्न तथा नेपालको वित्तीय क्षेत्रमा योगदान पुऱ्याउन गर्नु भएको सहयोग, मार्गदर्शन, अमूल्य सुझाव तथा निरन्तर सहकार्यको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ। साथै, संचालक समितिका सम्पूर्ण सदस्यहरु, शेयरधनी महानुभावहरु, ग्राहकवर्ग, उत्साही एवं दक्ष कर्मचारीहरु तथा सम्पूर्ण सरोकारवालाहरुले बैंकलाई गर्नु भएको अमूल्य सहयोग र निरन्तर सहकार्यप्रति आभार प्रकट गर्दै विशेष धन्यवाद ज्ञापन गर्दछौँ। यस बैंकको संचालक समिति, बैंक व्यवस्थापन तथा कर्मचारीको संयुक्त प्रयास तथा उर्जाद्वारा बैंकको रणनीतिक लक्ष्य प्राप्ति तथा शेयरधनीको सम्पत्तिको बढोत्तरीका लागि समर्पित रहेका छौँ।

यहाँहरुको सहयोगप्रति आभार प्रकट गर्दै,

संचालक समितिको तर्फबाट

अध्यक्ष
स्थानः मुम्बई, भारत
मितिः ई.सं. १३ नोभेम्बर २०२६

प्रबन्ध संचालक
स्थानः काठमाडौँ, नेपाल
मितिः ई.सं. १३ नोभेम्बर २०२६

संचालक समितिको प्रतिवेदनको अनुसूची

कम्पनी ऐन, २०६३ को दफा १०९(४) बमोजिम आवश्यक थप जानकारी

१. **आर्थिक वर्ष २०८२/८३ मा बैंकद्वारा जफत गरिएको शेयर संख्या :** नभएको।

२. **आर्थिक वर्ष २०८२/८३ मा बैंक र यसको सहायक कम्पनीले गरेका प्रमुख कारोबारहरु र सो अवधिमा बैंकको कारोबारमा भएको कुनै महत्वपूर्ण परिवर्तन :**

बैंक र यसको सहायक कम्पनीले आफ्नो प्रबन्धपत्र र नियमावलीमा तोकिए बमोजिम उद्देश्य र उद्देश्य पूरा गर्नको लागि गर्नु पर्ने कार्यहरु गर्दै आएको छ। उक्त कार्यहरुको सार संचालक समितिको प्रतिवेदन तथा वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ। समीक्षा अवधिमा बैंक र यसको सहायक कम्पनीको व्यवसायको प्रकृतिमा कुनै पनि महत्वपूर्ण परिवर्तन भएको छैन।

३. **कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार आधारभूत शेयरधनीको रुपमा परिभाषित हुन धारण गर्नुपर्ने न्यूनतम शेयर कुनै पनि शेयरधनीले धारण नगरेकाले बैंकले समीक्षा अवधिमा आधारभूत शेयरधनीहरुबाट कुनै जानकारी प्राप्त गरेको छैन।**

४. **समीक्षा अवधिमा बैंकका संचालक तथा प्रमुख पदाधिकारीहरुले बैंकको शेयर खरिद गरेका छैनन् र बैंकका संचालक तथा प्रमुख पदाधिकारीहरु प्रचलित कानूनको विपरित हुनगेरी बैंकको शेयर कारोबारमा संलग्न भएको कुनै जानकारी प्राप्त भएको छैन।**

५. **आर्थिक वर्ष २०८२/८३ मा बैंकसँग सम्बन्धित सम्झौताहरुमा बैंकका कुनै संचालक तथा निजका नजिकका नातेदारको व्यक्तिगत स्वार्थ रहेको सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन।**

६. **आर्थिक वर्ष २०८२/८३ मा बैंकले आफ्नो शेयर आफैंले खरिद गरेको छैन।**

७. **समीक्षा अवधिमा भएको कुल व्यवस्थापन खर्चको विवरण:**

क्र.सं.	विवरणहरु	रकम (रु.)
१	कर्मचारी खर्च (बोनस तथा NFRS अन्तर्गतको Finance Expenses समेत)	२,१८,२२,३०,७७६/६४
२	अन्य संचालन खर्च	७९,६९,३६,१८५/१७
	कुल खर्च	२,९७,९१,६६,९६१/८१

८. **बैंकमा देहाय बमोजिमका सदस्यहरु रहेको एक लेखापरीक्षण समिति रहेको छ :**

क्र.सं.	विवरणहरु	पद
१	श्री अप्सरा उप्रेती, संचालक	संयोजक
२	श्री सुशिल चन्द्र महत, प्रमुख जोखिम अधिकृत	सदस्य
३	श्री सुधीर पौड्याल, प्रमुख-आन्तरिक लेखापरीक्षण विभाग	सदस्य सचिव

- आर्थिक वर्ष २०८२/८३ (२०२५-२६) मा बसेको लेखापरीक्षण समितिको बैठकको संख्या : ५ (पाँच)
- लेखापरीक्षण समितिका सदस्यहरुलाई प्रदान गरेको बैठक भत्ता : रु.९०,०००/-

लेखापरीक्षण समितिले आ.व. २०८२/८३ मा निर्वाह गरेको भुमिकाहरु :

- आन्तरिक लेखापरीक्षण योजना/कार्यक्रमको समीक्षा गरी स्वीकृति प्रदान।
- जोखिममा आधारित आन्तरिक लेखापरीक्षण (Risk Focused Internal Audit–RFIA) को लेखापरीक्षण प्रतिवेदन ढाँचा (Audit Report Format–ARF) सहित आन्तरिक लेखापरीक्षण म्यानूअलमा गरिएका संशोधनहरूको समीक्षा तथा स्वीकृति।
- संशोधित रिमोट लेखापरीक्षण निर्देशिका, २०२६ को समीक्षा तथा स्वीकृति।
- बैंकको वार्षिक साधारण सभासमक्ष बैंकको बाह्य लेखापरीक्षक नियुक्तिका लागि सिफारिस।
- बैंकको बाह्य लेखापरीक्षणको अवस्था तथा प्रगतिको समीक्षा।

- बाह्य लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन (Management Letter) तथा सो सम्बन्धमा व्यवस्थापनबाट प्राप्त प्रतिक्रियाको समीक्षा।
- नेपाल राष्ट्र बैंकको बैंक सुपरिवेक्षण विभागबाट जारी गरिएको निरीक्षण प्रतिवेदन, २०८३ का सम्बन्धमा व्यवस्थापनको प्रतिक्रिया तथा अनुपालनको अवस्थाको समीक्षा।
- सूचना प्रणाली (IS) लेखापरीक्षण प्रतिवेदन, २०२५ को समीक्षा।
- नेपाल एसबीआई बैंकको संस्थागत सामाजिक उत्तरदायित्व (CSR) सम्बन्धी गतिविधिहरूको लेखापरीक्षण प्रतिवेदनको समीक्षा।
- बैंकका त्रैमासिक वित्तीय विवरणहरूको समीक्षा।
- बैंकको वार्षिक वित्तीय विवरणहरूको समीक्षा गरी बैंकको सञ्चालक समितिसमक्ष सिफारिस।
- विभिन्न प्रकारका आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरूमा उल्लेखित कैफियत, निष्कर्ष तथा तिनको अनुपालन अवस्थाको समीक्षा।
- बैंकका शाखा तथा एक्सटेन्सन काउन्टरहरूको रेटिङको समीक्षा।
- बैंकको बाह्य लेखापरीक्षक छनोटका लागि आधारभूत योग्यता, मापदण्ड तथा मूल्याङ्कनका आधार र अङ्क प्रदान गर्ने मापदण्डको समीक्षा तथा स्वीकृति।
- आन्तरिक लेखापरीक्षण योजनाको प्रगति, आन्तरिक लेखापरीक्षण विभागको जनशक्ति तथा क्षमता र विभिन्न आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित कैफियतहरूको फछ्यौंटको अवस्थासहित विभागका गतिविधिहरूको समीक्षा।
- आन्तरिक लेखापरीक्षण विभागका प्रमुखको वार्षिक कार्यसम्पादन मूल्याङ्कन।
- बैंकका विभिन्न सञ्चालन क्षेत्रहरूमा विद्यमान आन्तरिक नियन्त्रण प्रणालीको समीक्षा।

लेखापरीक्षण समितिले प्रदान गरेका सुझावहरु :

- शाखा तथा एक्सटेन्सन काउन्टरहरूको जोखिममा आधारित आन्तरिक लेखापरीक्षण (RFIA) प्रतिवेदनमा उल्लेखित कैफियतहरू यथाशीघ्र समाधान गर्ने।
- शाखाहरूको RFIA रेटिङमा आएको गिरावटका कारणहरूको समीक्षा गरी सम्बन्धित शाखाहरूको रेटिङ सुधार गर्न आवश्यक उपायहरू अवलम्बन गर्ने।
- विभिन्न आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरूमा उल्लेखित बाँकी कैफियतहरूको समाधानमा भएको प्रगतिको नियमित अनुगमन गर्ने।
- बाह्य लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन (Management Letter) का सम्बन्धमा लेखापरीक्षण समितिले देहायबमोजिम सुझाव दिएको:
  - नेपाल राष्ट्र बैंकको निर्देशनबमोजिम अपेक्षित कर्जा नोक्सानी (Expected Credit Loss– ECL) मोडेलसम्बन्धी निर्देशिका तयार गर्ने प्रक्रिया शीघ्र अगाडि बढाउने।
  - कर्जा प्रवाहपश्चात् कर्जा खाताहरूको अनुगमन प्रणालीलाई थप सुदृढ बनाउने।
  - बाँकी रहेका कैफियतहरू यथाशीघ्र समाधान गर्ने।
  - नियामकीय तथा बाह्य प्रावधानहरूको अनुपालनसम्बन्धी कमजोरीहरूमा विशेष ध्यान दिने।
  - एउटै प्रकृतिका कैफियतहरू पुनरावृत्ति हुन नदिन आवश्यक सुधारात्मक उपायहरू अवलम्बन गर्ने।
  - बैंकको कर्जा कार्यमा Automation लागू गर्न सकिने सम्भावनाको अध्ययन गर्ने।
- सूचना प्रणाली लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित कैफियतहरू समाधान गर्ने तथा नियामकीय प्रावधानहरूको अनुपालनसँग सम्बन्धित विषयहरूलाई उच्च प्राथमिकता दिने।
- नेपाल राष्ट्र बैंकको निरीक्षण प्रतिवेदनका सम्बन्धमा लेखापरीक्षण समितिले देहायबमोजिम सुझाव दिएको:
  - संचालक समिति तथा व्यवस्थापनको कार्यसम्पादन र लेखापरीक्षण कार्यसँग सम्बन्धित कैफियत तथा कमजोरीहरूमा उच्च प्राथमिकताका साथ आवश्यक सुधार गर्ने।
  - नेपाल राष्ट्र बैंकले सुझाव दिएबमोजिम कर्जा खाताहरूको नजिकबाट अनुगमन गर्ने।
  - नेपाल राष्ट्र बैंकले औँल्याएका विषय, कैफियत तथा निर्देशनहरूसँग सम्बन्धित नियन्त्रण प्रणालीको समीक्षा गरी आवश्यक सुधार गर्ने।

९. **संचालकहरु, प्रबन्ध संचालक र अन्य पदाधिकारीहरुलाई निम्न बमोजिम पारिश्रमिक, भत्ता तथा सुविधाहरु प्रदान गरिएको छ :**

(१) **संचालक समितिका सदस्यहरुलाई प्रदान गरिएको भत्ता/ सुविधाहरु :**

संचालक समितिका सदस्यहरुलाई संचालक समिति तथा संचालक समितिका उपसमितिहरुको बैठक बसे बापत आर्थिक वर्ष २०८२/८३ मा बैठक भत्ता स्वरुप कुल रु. १२,४२,०००/- प्रदान गरिएको छ। बैठक भत्ता अन्तर्गत प्रदान गरिएको रकममा जोखिम व्यवस्थापन समितिको बैठक बापत रु. २,३४,०००/-, लेखापरीक्षण समितिको बैठक बापत रु. ९०,०००/-, कर्मचारी सेवा सुविधा समितिको बैठक बापत रु. ९०,०००/- र सम्पत्ति शुद्धीकरण निवारण समितिको बैठक बापत रु. ५४,००० /- समेत समावेश रहेको छ। साथै, बैठक सम्बन्धी अन्य खर्च र पत्रपत्रिका, टेलिफोन बापतको खर्च/ भत्ता रु. १९,३८,४१४/५० रहेको छ।

यद्यपि, आ.व. २०८२/८३ मा भारतीय स्टेट बैंकबाट प्रतिनिधित्व गर्ने अध्यक्ष तथा संचालकहरुलाई बैठक भत्ता प्रदान गरिएको छैन।

(२) **प्रबन्ध संचालक र अन्य पदाधिकारीहरु :**

(क) **प्रबन्ध संचालक र अन्य भारतीय पदाधिकारीहरु** : एस.बी.आई. ले खटाई पठाएका प्रबन्ध संचालक तथा व्यवस्थापन समूहका अन्य भारतीय पदाधिकारीहरुको तलब तथा भत्ता प्राविधिक सेवा सम्झौता बमोजिम भारतीय स्टेट बैंकले भुक्तानी गरेको छ। निजहरुलाई भुक्तानी गरिएको अन्य भत्ता/ सुविधामा आवास सुविधाको लागि भुक्तानी गरिएको घरभाडा र प्राविधिक सेवा सम्झौता बमोजिम भुक्तानीयोग्य अन्य भत्ता तथा खर्च समेत गरी रु. १,९६,२१,६९५/८६ रहेको छ।

(ख) **अन्य पदाधिकारीहरु** : पारिश्रमिक, भत्ता तथा सुविधा वापत बैंकका प्रबन्धक तहका पदाधिकारीहरु, विभागीय प्रमुखहरु तथा कम्पनी सचिवलाई कुल रु. ३२,९१,३७,३०६/२४ भुक्तानी गरिएको छ भने कुल कर्मचारी खर्च(बोनस तथा NFRS अन्तर्गतको Finance Expenses समेत) रु. २,१८,२२,३०,७७६/६४ रहेको छ।

१०. **शेयरधनीहरुले बुझिलिन बाँकी लाभांश :**

शेयरधनीहरुले २०८३ असार मसान्तमा देहायका आर्थिक वर्षहरुमा वितरण गरिएको नगद लाभांश बुझिलिन बाँकी रहको छ।

क्र.सं.	विवरणहरु	रकम (रु.)
१.	२०५२/५३	२,४७,०००/-
२.	२०५३/५४	२,३०,०००/-
३.	२०५४/५५	२,५३,४००/-
४.	२०५५/५६	१,५४,५००/-
५.	२०५६/५७	२,३०,७५०/-
६.	२०५९/६०	४,९१,६२१/२०
७.	२०६२/६३	३,९१,१५३/-
८.	२०६३/६४	५,५१,८६४/५०
९.	२०६६/६७	६,२७,२३०/१३
१०.	२०६७/६८	७,१३,३६५/८५
११.	२०६८/६९	८,९२,९८५/८५
१२.	२०६९/७०	१७,५९,१४३ /७८
१३.	२०७०/७१	२६,४४,३९३/१३
१४.	२०७४/७५	२,७४,७८,७१०/०८
१५.	२०७५/७६	२,९१,५६,३३७/३६

क्र.सं.	विवरणहरु	रकम (रु.)
१६.	२०७६/७७	१,००,५६,५४६/६२
१७.	२०७७/७८	७१,२९,०३८/६९
१८.	२०७८/७९	३,३५,१६,५९६/५९
१९.	२०७९/८०	३,१५,४४,७१५/७४
२०.	२०८०/८१	३,५३,९८,६०७/७३
२१.	२०८१/८२	२,७९,५१,९४९/०८
	जम्मा	२१,१४,१९,९०९/३३

माथि उल्लिखित बुझिलिन बाँकी नगद लाभांशको रकममा शेयरधनीले लाभांश पुर्जा बुझिलिई रकम भुक्तानी नलिएको तथा दाबी नगरिएको लाभांशको रकम समेत समावेश गरिएको छ। बुझिलिन बाँकी आ.व. २०७६/७७ सम्मका लागि वितरण गरिएको लाभांश रकम कम्पनी ऐन, २०६३ बमोजिम लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिएको छ।

११. **कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम समीक्षा अवधिमा बैंकले कुनै सम्पत्ति खरिद वा बिक्री गरेको छैन।**

१२. **कम्पनी ऐन, २०६३ को दफा १७५ बमोजिम समीक्षा अवधिमा बैंक र यसका सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण:**

बैंक र यसका सम्बद्ध कम्पनी बिच भएको नियमित कारोबार लगायतको विवरण वित्तीय विवरणहरुमा सम्बद्ध पक्ष कारोबार शीर्षक अन्तर्गत उल्लेख गरिएको छ।

१३. **अन्य आवश्यक जानकारी:**

(क) संचालकहरु, पदाधिकारीहरु र शेयरधनीहरुले कम्पनी ऐन, २०६३ को दफा ८१ बमोजिम तिरेको जरिवानाको रकम :

बैंकका कुनै संचालक, पदाधिकारीहरु र शेयरधनीहरुले कम्पनी रजिष्ट्रारको कार्यालयलाई कम्पनी ऐन, २०६३ को दफा ८१ बमोजिम कुनै जरिवाना तिरेका छैनन्।

(ख) कम्पनी निर्देशिका, २०७२ को निर्देशन ४५ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड वा अन्य नियामक निकायहरुमा अधिकृत वा सोभन्दा माथिल्लो पदमा कार्यरत यस बैंकका संचालक वा पदाधिकारीहरुका नजिकका नातेदारहरुको विवरण :

क्र.सं.	संचालक/ पदाधिकारीहरुको नाम	नातेदारको विवरण			
		नाम	नाता	नियामक निकाय	पद
क	संचालकहरु	-			
ख	पदाधिकारीहरु:				
१.	श्री किशोर रिजाल	श्री जगदिश रिजाल	भाइ	नेपाल स्टक एक्स्चेञ्ज लिमिटेड, भद्रकाली, काठमाडौँ, नेपाल	वरिष्ठ अधिकृत
		श्री संजु कंडेल	भाइ-बुहारी		वरिष्ठ अधिकृत
२.	श्री सुशिल चन्द्र महत	श्री अस्मिता महत	भतिजी	नेपाल राष्ट्र बैंक	सहायक निर्देशक

अध्यक्ष
नेपाल एसबिआई बैंक लि.
स्थान: मुम्बई, भारत
मिति: ई.सं. १३ नोभेम्बर २०२६

प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत
नेपाल एसबिआई बैंक लि.
स्थान: काठमाडौँ, नेपाल
मिति: ई.सं. १३ नोभेम्बर २०२६

संचालक समितिको प्रतिवेदनको अनुसूची

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित अनुसूची-१५ बमोजिमको विवरण

१. **संचालक समितिको प्रतिवेदन** : वार्षिक प्रतिवेदनमा संलग्न गरिएको।

२. **लेखापरीक्षकको प्रतिवेदन** : वार्षिक प्रतिवेदनमा संलग्न गरिएको।

३. **लेखापरीक्षण भएको वित्तीय विवरण** : वार्षिक प्रतिवेदनमा संलग्न गरिएको।

४. **कानुनी कारवाही सम्बन्धी विवरण** :

क) बैंकले/बैंक विरुद्ध दायर भएका साधारण विषयका मुद्दाः यस अवधिमा साधारण विषयमा यस बैंक विरुद्ध ६७ वटा मुद्दा दायर भएका छन् भने बैंकबाट ११ वटा मुद्दा दर्ता भएको छ।

ख) ऋण/कर्जा असुलीका लागि बैंकले यस अवधिमा कर्जा नतिर्ने ऋणी/जमानीकर्ताको विरुद्ध दायर गरेको मुद्दाः बैंकले यस अवधिमा कर्जा नतिर्ने ऋणी/जमानीकर्ता बिरुद्ध ऋण असुलीका लागि १२ वटा मुद्दा दायर गरेको छ।

ग) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए :- बैकले यस सम्बन्धमा हालसम्म कुनै जानकारी प्राप्त नगरेको।

घ) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :- बैकले यस सम्बन्धमा हालसम्म कुनै जानकारी प्राप्त नगरेको।

५. **संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषण** :

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणाः

नेपाल स्टक एक्सचेन्ज नेपाल धितोपत्र बोर्डको सुपरीवेक्षणमा संचालित भएको हुनाले यस सम्बन्धमा व्यवस्थापनको कुनै फरक धारणा नभएको।

(ख) गत आर्थिक वर्ष २०८२/८३ मा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार शेयर संख्या र कारोबार दिन।

त्रैमास (महिना)	शेयरको अधिकतम मूल्य (रु.)	शेयरको न्यूनतम मूल्य (रु.)	शेयरको अन्तिम मूल्य (रु.)	कुल कारोबार शेयर संख्या	कुल कारोबार दिन
प्रथम त्रैमास (२०८२ असोज मसान्त)	४५२/००	३६३/००	३७६/१०	२१,३०,४९०	५१
दोस्रो त्रैमास (२०८२ पौष मसान्त)	४३५/००	३७५/००	४१०/००	२३,०६,२३१	५५
तेस्रो त्रैमास (२०८२ चैत्र मसान्त)	४४१/००	३८६/२०	४०५/००	२४,७५,२३२	५३
चौथो त्रैमास (२०८३ असार मसान्त)	४२०/००	३७३/००	३९२/९०	२०,५३,७२५	६४
			जम्मा	**८९,६५,६७८**	**२२३**

६. **समस्या तथा चुनौती :**

(क) **समस्या तथा चुनौती :**

(१) आन्तरिक :

- गैर ब्याज आम्दानी कायम राख्न/ वृद्धि गर्न चुनौती ।
- संचालन लागतको प्रभावकारिता अभिवृद्धि गर्ने चुनौती ।
- ऋणकर्जाको यथा समयमा असुली गर्ने चुनौती।

(२) बाह्य :

- आर्थिक गतिविधिमा आएको सुस्तताका साथै बैंकिङ्ग प्रणालीमा अस्थिर र अधिक तरलताको अवस्था।
- दिर्घकालीन कर्जा तथा लगानीका लागि सीमित क्षेत्र।
- गुणस्तरीय सम्पत्ति (कर्जा) लगानी गर्न चुनौती।
- विश्वव्यापी राजनीतिक तनाव, इन्धनको मल्यवृद्धि तथा अन्य अन्तराष्ट्रिय स्थिति मार्फत कर्जा असुलीमा परेको चापबाट उत्पन्न चुनौती।

(ख) **त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति :**

- रिटेल कर्जामा थप ध्यान केन्द्रित गर्ने।
- न्यून लागतको दायित्व (निक्षेप) का प्रोडक्टहरुमा विशेष ध्यान केन्द्रित गर्दै दायित्व (निक्षेप) वृद्धि गर्ने ।
- संचालन लागत घटाउनको लागि वैकल्पिक माध्यम/प्रविधिगत प्लेटफर्महरुको उपयोग गर्ने।
- गैर ब्याज आम्दानीका क्षेत्रहरु सुधार गर्न ध्यान केन्द्रित गर्ने।
- कर्मचारीहरुको कार्यक्षमता विस्तारको लागि नियमित आन्तरिक तालिम संचालन गर्ने।
- सुमधुर औधोगिक सम्बन्ध कायम गर्ने।
- विस्तार योजना प्रभावकारी बनाउने।
- चाप भएका कर्जाहरुलाई नियमित गर्न ध्यान केन्द्रित गर्ने।

७. **संस्थागत सुशासन :**

- सुशासन सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा मार्गनिर्देशनहरुलाई बैंकले पूर्ण रुपमा पालना गरेको छ।
- बैंकको केन्द्रीय व्यवस्थापन समिति तथा सुशासन समितिले बैंक संचालनका विविध क्षेत्रको समीक्षा गर्ने गरेका छन् र उक्त समितिका बैठक नियमित रुपले बस्ने गरेका छन्।
- संचालक समिति र यसका उपसमितिहरुका बैठक नियमित रुपमा संचालन हुने गरेको छ।
- सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति र जोखिम व्यवस्थापन समिति (संचालन जोखिम, कर्जा जोखिम तथा बजार जोखिम) का बैठक नियमित रुपमा हुने गरेका छन्।

८. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म आजका मितिमा व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत
नेपाल एसबिआई बैंक लि.
मितिः ई.सं. १३ नोभेम्बर २०२६

केन्द्रिय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ०१-५७१९६४१/४२
Site: www.nrb.org.np
Email: bsdoffsite@nrb.org.np
पोष्ट बक्स:७३

नेपाल राष्ट्र बैंक
बैंक सुपरिवेक्षण विभाग

प.सं: बै.सु.वि./अफसाइट/एजिएम/९३/२०८३-०८४
च.नं. : ७४६

मितिः २०८३/०८/०८

नेपाल एसबिआई बैंक लिमिटेड
कमलादी, काठमाडौं ।

विषयः लाभांश घोषणा/वितरण तथा वित्तीय विवरण प्रकाशन सम्बन्धमा।

महाशय,

त्यस बैंकबाट पेश गरिएका वित्तीय विवरण तथा अन्य कागजातहरुका आधारमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४७ को उपदफा (२) का प्रावधानहरु पालना गरेको देखिएको हुँदा, सोही ऐनको उपदफा (१) बमोजिम बैंकले आ.व. २०८२/०८३ को नियमनकारी समायोजन पछिको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु.११,३३,५१,२४,३९०.७२ को ४.८५ प्रतिशतले हुने रकम रु. ५४,९७,५३,५३२.९५ (अक्षरेपी चौवन्न करोड सन्तानब्बे लाख त्रिपन्न हजार पाँच सय बत्तीस रुपैया र पन्चानब्बे पैसा मात्र) नगद लाभांश (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर सहित) र चुक्ता पुँजीको ३.४० प्रतिशतले हुने रकम रु.३८,५३,९४,२२९.२९ (अक्षरेपी अड्तीस करोड त्रिपन्न लाख चौरानब्बे हजार दुई सय उन्नतीस रुपैया र उन्नतीस पैसा मात्र) बराबरको बोनस शेयर गरी कुल रु.९३,५१,४७,७८२.२४ (अक्षरेपी त्रियान्नब्बे करोड एकाउन्न लाख सड्चालीस हजार सात सय बैसट्ठी रुपैया र चौबिस पैसा मात्र) अन्य प्रचलित कानूनी व्यवस्थाको समेत पालना गर्ने गरी वार्षिक साधारण सभाबाट स्वीकृत भएको अवस्थामा मात्रै वितरण गर्न स्वीकृतिका साथै आ.व. २०८२/०८३ को वार्षिक हिसाब वार्षिक साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने प्रयोजनार्थ देहायका निर्देशन सहित सार्वजनिक गर्न सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार जानकारी गराउँदछु ।

१. लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु पूर्णरुपले सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने आवश्यक व्यवस्था मिलाउनुहुन ।

२. यस बैंकबाट जारी गरिएका निर्देशन, परिपत्र तथा प्रचलित कानूनी व्यवस्थाहरुको पूर्णरुपमा परिपालना गरेर मात्र लाभांश वितरण गर्नुहुन ।

उपरोक्त निर्देशनहरुलाई त्यस बैंकको वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित गर्नुहुन ।

भवदीय,

अभिषेक खनाल
सहायक निर्देशक

बोधार्थ :

१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
२. नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग, प्रतिवेदन कार्यान्वयन इकाई ।
३. नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।

PKF T. R. Upadhya & Co.
124 Lal Colony Marg, Lal Durbar
Kathmandu, Nepal

977 01 4510927, 4520026
trunco@ntc.net.np
www.pkf.trunco.com.np

नेपाल एसबिआई बैंक लिमिटेडको शेयरधनीहरुमा
स्वतन्त्र लेखापरीक्षकको संक्षिप्त वित्तीय विवरणमाथि प्रतिवेदन

लेखापरीक्षकको राय

असार ३२, २०८३ (१६ जुलाई २०२६) को संक्षिप्त वित्तीय स्थितिको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको संक्षिप्त नाफा नोक्सान विवरण, संक्षिप्त अन्य विस्तृत आम्दानीको विवरण, संक्षिप्त इक्वीटीमा भएको परिवर्तनको विवरण र संक्षिप्त नगद प्रवाह एवं सम्बन्धित लेखासम्बन्धि टिप्पणीहरु संलग्न रहेको संक्षिप्त वित्तिय विवरणहरु, नेपाल एसबिआई बैंक लिमिटेड (बैंक) र यसका सहायक कम्पनीहरु (समूह) को मिति असार ३२, २०८३ (१६ जुलाई २०२६) मा समाप्त भएको आर्थिक वर्षको लेखापरीक्षण गरिएको एकीकृत वित्तिय विवरणहरुको आधारमा तयार गरिएको हो ।

हाम्रो रायमा, यसैसाथ संलग्न संक्षिप्त वित्तिय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप लेखापरीक्षण गरिएका एकीकृत वित्तीय विवरणहरु अनुरुप रहेका छन् ।

संक्षिप्त वित्तीय विवरण

संक्षिप्त वित्तीय विवरणहरुमा नेपाल वित्तीय प्रतिवेदन मानहरुद्वारा आवश्यक सबै विवरणहरु (disclosures) समावेश गरिएका छैनन् । त्यसैले, संक्षिप्त वित्तीय विवरणहरु र लेखापरीक्षकको प्रतिवेदन पढ्नु, लेखापरीक्षण गरिएको एकीकृत वित्तीय विवरणहरु र त्यसमा लेखापरीक्षकको प्रतिवेदन पढ्नुको विकल्प होइन । संक्षिप्त वित्तीय विवरणहरु र लेखापरीक्षण गरिएका एकीकृत वित्तीय विवरणहरुले हाम्रो एकीकृत वित्तीय विवरणहरुमाथीको प्रतिवेदनको मिति पछि भएका घटनाहरुको प्रभावलाई प्रतिबिम्बित गर्दैन ।

संक्षिप्त वित्तीय विवरणहरूको सन्दर्भमा, उल्लेखित अन्य विवरण (सञ्चालक समिति को प्रतिबेदन समेत) पढ्ने जिम्मेवारी हाम्रो हो, र यसो गर्दा, अन्य विवरण, वित्तीय विवरणहरूसँग वा लेखापरीक्षणमा प्राप्त हाम्रो जानकारीसँग महत्वपूर्ण रूपमा बेमेल वा त्रुटीपूर्ण देखिएमा वा एकीकृत वित्तीय विवरणको लेखापरीक्षकको प्रतिवेदनको मितिभन्दा अगाडि प्राप्त अन्य जानकारीको आधारमा, हामीले महत्वपूर्ण त्रुटी रहेको निष्कर्ष निकालेमा, हामीले उक्त तथ्यलाई रिपोर्ट गर्नुपर्नेहुन्छ । यस सन्दर्भमा कुनै पनि रिपोर्ट गर्नुपर्ने देखिएन ।

लेखापरीक्षण गरिएका वित्तिय विवरणहरु तथा लेखापरीक्षकको प्रतिवेदन

हामीले कार्तिक २७, २०८३ (१३ नोभेम्बर, २०२६) को लेखापरीक्षण प्रतिवेदनमा एकीकृत वित्तिय विवरणहरुमाथि कैफियतरहित (unqualified) राय व्यक्त गरेका छौं । सो प्रतिवेदनमा लेखापरीक्षणको मुख्य विषय (Key Audit Matters) पनि समावेश छ ।

संक्षिप्त वित्तिय विवरण प्रति व्यवस्थापनको उत्तरदायित्व

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार संक्षिप्त वित्तीय विवरण तयार गर्ने उत्तरदायित्व व्यवस्थापनको हो ।

लेखापरीक्षकको उत्तरदायित्व

हाम्रो उत्तरदायित्व नेपाल लेखापरीक्षणमान (NSA) ८१० (संशोधित) Engagements to Report on Summary Financial Statements बमोजिमका हाम्रा कार्यविधिहरुको आधारमा, संक्षिप्त वित्तीय विवरणहरु, सारभुत रुपमा, लेखापरीक्षण गरिएका एकीकृत वित्तीय विवरणहरु अनुरुप छन वा छैनन् भनी राय व्यक्त गर्नु हो ।

शशी सत्याल
साझेदार
टि.आर.उपाध्याय एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्ट्स
स्थान: काठमाडौं
मिति: ८ मंसिर २०८३
UDIN: 261124CA00008SUfGj

